# बार्षिक नीति तथा कार्यक्रम

## आर्थिक वर्ष २०८३/८४

रावा बेसी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
हरमटार,कुभिण्डे,खोटाङ
२०८३

# रावा वेसी गाउँसभाको १९ औं अधिवेशनमा

## पेश बार्षिक नीति तथा कार्यक्रम

## अध्यक्ष  श्री फटिक कुमार श्रेष्ठ

आर्थिक वर्ष २०८३/०८४

बार्षिक नीति तथा कार्यक्रम

रावा बेसी गाउँपालिका

गाउँ कार्यपालिकाको कार्यालय

हरमटार,कुभिण्डे,खोटाङ

मितिः २०८३/०३/०७

यस गाउँसभाका १९ औं अधिवेशनका सम्पूर्ण गाउँसभा सदस्यज्यूहरु

नेपालको संविधान, २०७२ जारी भए सँगै संघीयताको कार्यान्वनका लागि २०७४ सालमा भएको स्थानीय तहको निर्वाचनको पाँच वर्षे कार्यकाल सम्पन्न भइ २०७९ बैशाख ३० गते सम्पन्न भएको निर्वाचनमा स्थानीय तहमा निर्वाचित भई सार्वभौम नागरिकहरुको प्रतिनिधिको रुपमा प्राप्त राज्यशक्तिको प्रयोग गर्ने र नागरिकको नजिकको सरकारको आभास गराउने अभ्यासको अवसरको रुपमा स्थानीय तहको दोस्रो कार्यकालको पाँचौं वर्षको लागि यस रावा बेसी गाउँपालिकाको आ.व. २०८३/८४ को नीति तथा कार्यक्रमलाई यस सम्मानित एवम् गरिमामय सभामा पेश गर्न पाउँदा मैले आफुलाई गौरवान्वित महशुस गरेको छु ।

यसै अबसरमा विभिन्न कालखण्डमा जनताको अधिकार प्राप्तिको लागि भएका राजनैतिक आन्दोलनहरुमा आफ्नो अमूल्य जीवन उत्सर्ग गरी शहादत प्राप्त गर्दै मुलुकलाईआजको यो ऐतिहासिक क्षण दिलाउनु हुने सम्पूर्ण ज्ञात अज्ञात वीर अमर शहीदहरुप्रति म हार्दिक श्रदा सुमन अर्पण गर्दछु ।साथै विभिन्न राजनैतिक आन्दोलनहरुमा नेतृत्व प्रदान गर्दै मुलुकलाई जनचाहाना अनुरुप डोर्याउनु हुने नेपाली राजनीतिका अग्रज तथा आदर्श धरोहरहरु एवम् शिखर व्यत्तित्वहरुलाई सम्मानपूर्वक स्मरण गर्न चाहान्छु । आम नागिरकहरुको सबैभन्दा नजिकको सरकारको रुपमा रहेको स्थानीय सरकार सँग नागिरकका चाहाना र अपेक्षा धेरै छन् । सिमित स्रोत साधनले हाम्रो असिमित आवश्यकता पूरा गर्नु हाम्रो चुनौती हुँदाहुँदै पनि समुदायका आवश्यकता पूरा गर्ने, समस्या समाधान गर्ने, आर्थिक सामाजिक र भौतिक पूर्वाधारहरुको विकासका माध्यमवाट सेवा प्रवाह गरी जनजीवन सुखमय बनाउनु हाम्रो उद्देश्य हो ।

संघीयताले बोकेका सपना पुरा गराउन स्थानीयस्तरमा विकास र लोकतन्त्रको सफल अनुभुती दिलाउन प्रयत्नरावा बेसी गाउँपालिकाले संघ र प्रदेश सरकारबाट प्राप्त बजेटलाई कार्यान्वयन गर्दै सबै खाले विकास निर्माणलाई सहभागितात्मक ढंगले समानुपातिक वितरणका माध्यमबाट तिव्रताकासाथ अगाडी बढाइने कुरा यहाँहरुलाई विश्वास दिलाउन चाहान्छु ।
आज हामी आर्थिक समृद्धि, समाज परिवर्तन, अनि सुखी र सम्वृद्ध रावा बेसी निर्माणको महान अभियानमा जुटीरहेको सन्दर्भमाअबको समयलाई पुर्ण रुपमा उपयोग गर्दै आर्थिक,

सामाजिक रुपान्तरण गर्न र जनचाहाना पुरा गर्ने अबको हाम्रो बाटो भनेको तिव्र आर्थिक विकास नै हो । उत्पादन तथा उत्पादकत्वको माध्मवाट आत्मनिर्भर र स्वाधिन अर्थतन्त्र निर्माण गरी स्वस्थ प्रतिस्पर्धात्मक अर्थ व्यवस्था हाम्रो प्रस्थान विन्दु हो । तसर्थ यस क्षेत्रको सम्वृद्धिका निम्ति, विकासका निम्ति, परिवर्तनका निम्ति आफ्ना अमूल्य समय दिनुहुने सम्पुर्णमा म गाउँपालिका प्रमुखको तर्फवाट हार्दिक स्वागत गर्न चाहान्छु । विकास निर्माण सबैको सहयोग, सहकार्य र सहजीकरणबाट मात्र संभव हुने भएकोले यस गाउँपालिकाको विकास निर्माणको प्रक्रियालाई प्रभावकारी रुपमा सञ्चालन गर्न अमुल्य सहयोग हुनेछ भन्ने मैले आशा र पुर्ण विश्वास लिएको छु ।हामीलाई प्रत्यक्ष अप्रत्यक्ष रुपमा सहयोगको भूमिकामा रहनु हुने यहाँ क्रियाशील सम्पूर्ण राजनैतिक दलहरु, नागरिक समाजका अगुवा तथा आम जनसमुदाय, पेशागत सामुदायीक संघ, संस्थाहरु र सञ्चारकर्मीहरु सबैमा हार्दिक धन्यवाद दिन चाहान्छु र निरन्तर सहयोगको अपेक्षा राख्दै यहाँहरु प्रति आभार व्यक्त गर्न चाहान्छु ।

रावा बेसी गाउँपालिका छुट्टै किसिमको संघर्षबाट सिर्जित स्थानीय तह हो भन्ने कुरामा यहाँहरु सबै जानकार नै हुनुहुन्छ । त्यसैले पनि सबै खाले विकास निर्माणको सवालमा यस भूगोल भित्रका सबै राजनैतिक दलहरुको ऐक्यबद्धता छ र रहिरहने कुरामा म विश्वस्त छु। यस रावा वेसी गाउँपालिकाको केन्द्र हरमटारमा प्रशासिनक भवन निर्माण सम्पन्न भई सेवासंचालनमा ल्याईएको र यसले प्रशासनिक स्थायित्व कायम हुने विश्वास लिएकोछु। रावाबेसी गाउँपालिकामा आर्थिक र सामाजिक क्षेत्रमा क्रमशः सकारात्मक परिवर्तन हुदै गएको कुरा आम नागरिकहरुमा देखिएको समेत हामी सबैबिच छर्लङ्ग छ ।

रावा बेसी गाउँपालिका धेरै अबसर र सम्भावना बोकेको ठाउँ पनि हो । यस क्षेत्रमा बन्न लागेको ६७० मेघावाटको नेपालकै राष्ट्रिय गौरवको आयोजना दुधकोशी जलासययुक्त जलविद्युत आयोजनाले बोकेको विशिष्ट संभाव्यताका कारण रावा बेसी गा.पा.लाई आर्थिक, सामाजिक र भौतिक रुपमा साथै व्यापारिक, व्यवसायिक, पर्यटकीय दृष्टिकोणले थप मजबुत हुन मद्दत पुग्ने आशा गरिएको छ । दुधकोशी जलासययुक्त जलविद्युत आयोजनाबाट रभुवामा बेली बृज तथा भोजेघाट स्थित तिर्पा बेसीमा मोटरेबल पुलको निर्माण भईरहेको र लामिडाँडामा आयोजनाको प्रशासनिक भवन निर्माण सम्पन्न भएको छ । साथै उक्त

आयोजना निर्माण गर्न आ.व. २०८३/८४ मा जग्गा अधिग्रहणका लागि बजेट व्यवस्थापन भई अधिग्रहणको प्रकृया अघि बढाउन निरन्तर पहल गरिएको कुरा यस सभालाई जानकारी गराउन चाहान्छु । रावा बेसी गा.पा.का मुख्य सडकहरुको स्तरोन्ती, ढलान तथा सडक कालोपत्रे गर्ने कार्यको थालनी बिजुले लेकखर्क दुबेकोल एसेलुखर्क सडक अन्तर्गत दुवेकोल खण्डमा सडक स्तरोन्नती कार्य भई रहेकोमा आगामी आ.व. २०८३/८४ मा बिजुले लेकखर्क दुबेकोल ऐसेलुखर्क सडकको स्तरोन्नति, कालोपत्रे सडक सुधार अन्तर्गत जौवारी निगाले हरमटार सडक स्तरोन्नतिको लागि बजेट विनयोजन भएको छ। लोचाखोलामा मोटरेवल पक्की पूलको निर्माणमा कार्य भईरहेकोमा यस गाउँपालिका बासीमा दिगो यातायात सुविधा हुने सुनिश्चत भएको सहर्ष जानकारी गराउन चाहान्छु ।

स्थानीय तह जनताका लागि सबै भन्दा नजिकको आस्था र भरोसाको केन्द्र भएकोले यी सबै कुराहरु र परिस्थितीलाई मध्यनजर गर्दै कृषि, स्वास्थ्य, शिक्षा, खेलकुख ,आर्थिक विकास, रोजगारी, गरिवी निवारण र पुर्वाधार क्षेत्रलाई नै मुख्य आधार बनाई नीति तथा कार्यक्रम तयार गर्ने प्रयास गरिएको छ ।

सम्मानित सभाका सदस्य ज्यूहरु,

स्थानीय तहमा हामी निर्वाचित भएर पनि चार वर्षे कार्यकाल समाप्त भईसकेकोछ । चालु आ.व. को वार्षिक कार्यक्रमहरु सम्पन्न भई सकेको र क्रमागत रुपमा रहेका योजना तथा कार्यक्रमहरुलाई सम्पन्न गर्न आवश्यक ठानेको छु । चार वर्षको कार्यकालमा पूर्ण रुपमा सहयोग प्रदान गर्नुहुने सम्पूर्ण जनप्रतिनिधिज्यु,कर्मचारीहरुलाई हार्दिक धन्यवाद तथा आभार व्यक्त गर्न चाहान्छु ।

यस सम्मानित सभाका सदस्य ज्यूहरु,

आगामी आ. व. २०८३/८४ को नीति तथा कार्यक्रम तर्जुमा गर्दा नेपालको संविधान, स्थानीय सरकार सञ्चालन ऐन ,प्राकृतिक स्रोत तथा वित्त आयोग ऐन, संघ र प्रदेश सरकारले

जारी गरेको नीति, कानून, कार्यविधि तथा मापदण्ड, गाउँपालिकाको आवधिक योजना, गाउँपालिकाको स्रोत साधन विकासका अन्तर सम्बन्धित विषयहरु, दिगो विकासका लक्ष्यहरु, नेपाल सरकारले अन्तराष्ट्रिय जगतमा गरिएका प्रतिबद्दताहरुलाई आधारको रुपमा लिइएको छु । अब म रावा बेसी गाउँपालिकाको आ.व.२०८३/८४ का प्रमुख नीति तथा प्राथमिकताका क्षेत्रहरु प्रस्ततु गर्ने अनुमति चाहान्छु ।

- स्थानीय तहको आम्दानी बढाउन विभिन्न क्षेत्र पहिचान गरी राजश्वको दायरा विस्तार गरिनेछ ।
- स्थानीय स्तरमा जनताको माग अनुसार स्थानीय आवश्यकता तथा प्राथमिकताका आधारमा आयोजना तथा कार्यक्रम छनौट गरिनेछ ।
- गाउँपालिकाको श्रोत, साधनले धान्न नसक्ने योजना तथा कार्यक्रम प्रदेश सरकार तथा संघीय सरकारसँग माग गर्ने नीति लिइनेछ ।
- सिमा निर्धारण भएका विषय र बजेटको अधिनमा रहेर बजेट तथा कार्यक्रम प्रस्तुत गरिनेछ ।
- गरिबी निवारणमा टेवा पुर्याउने तथा रोजगारमूलक योजनाहरुलाई कार्यक्रममा विशेष जोड दिने नीति अवलम्बन गरिनेछ ।
- बजेट कार्यान्वयनको लागि बजेट क्यालेन्डर बनाईनेछ र कडाईकासाथ पालना गर्ने गराउने नीति अवलम्बन गरिनेछ ।

अब म यस सम्मानित सभामा क्षेत्रगत नीति कार्यक्रम तथा आधारहरु प्रस्तुत गर्न चाहान्छु

**<u>आर्थिक विकास नीतिः</u>**

<u>पर्यटन</u>

१. गुप्तेश्वर महादेव मन्दिर, ओमकारेश्वर मन्दिर, जुडीमहादेव, प्रिमाकोटगढी, कोटगढी लगायत अन्य ऐतिहासिक स्थलहरुलाई उचित संरक्षण सम्वर्द्धन तथा प्रचार प्रसार गरी आन्तरिक तथा बाह्य पर्यटन प्रवर्धनका कार्यक्रमहरु अगाडी बढाईनेछ ।

२. रावा बेसी गाउँपालिकाको ऐतिहासिक पृष्ठभमि बोकेको लामिडाँडा विमानस्थललाई पुनः सुचारु गराई रावा बेसी गाउँपालिकामा आन्तरिक पर्यटन गर्नका लागि सरोकारवाला निकायहरु सँग समन्वय तथा पहल अगाडि बढाईने छ ।

३. पर्यटन प्रवर्दनको लागि पर्यटकिय स्थलहरुको पहिचान गरि डि.पि.आर तयार गरि बजेट व्यवस्थापनका लागि प्रदेश र संघ सँग पहल गरिनेछ ।

४. यस गाउँपालिका भित्र रहेका पर्यटकिय क्षेत्रहरुलाई प्रवर्द्धन गरि आन्तरिक तथा बाह्य पर्यटकलाई आकर्षित गर्न पर्या पर्यटन को अवधारणालाई बढवा दिईनेछ ।

५. सबै ऐतिहाँसिक थलोहरुलाई पहिचान गरि उचित संरक्षण र सम्वर्द्धन गरिनेछ ।

६. गाउँपालिका भित्र रहेको धार्मिक सांस्कर्तिक तथा पुरातात्विक महत्त्व बोकेका ठाउँहरुको अध्ययन तथा अनुसन्धान गरिनेछ ।

७. आवश्यकता हेरी गाउँपालिका भित्रको गोरेटो बाटोहरुलाई विकास गरिनेछ ।

८. गाउँपालिका भित्र बसोबास गर्ने विभिन्न जातजातिका भाषा संस्कृतिलाई प्रवर्द्धन गर्ने कार्यक्रम सञ्चालन गरिनेछ ।

**कृषि तर्फः**

१. कृषक पाठशाला मार्फत व्यवसायिक कृषि खेती कार्यक्रमको अबलम्बन गरिने छ ।

२. कृषि यान्त्रिकरण कार्यक्रम संचालन गरी ७५ प्रतिशत अनुदानमा कृषि सहकारी, कृषक समूह, कृषि उद्यमि, कृषि फर्मलाई औजार वितरण गरी कृषि बस्तुको उत्पादन लागत खर्च कम गरी उत्पादन तथा उत्पादकत्व वृद्धि गरिनेछ ।

३. एकीकृत शत्रुजीव व्यवस्थापन मोडल मार्फत कृषि बालीमा देखिएको शत्रुजीवहरुको नियन्त्रण तथा व्यावस्थापन गरिनेछ ।

४. व्यवसायिक कृषि पेशामा आबद्ध भएका कृषकहरुलाई साझेदारीमा कृषि कार्यक्रम संचालन गरिनेछ ।

५. चिस्यान केन्द्र संचालन गरी कृषि बालिबस्तुको उचित भण्डारण तथा बजारीकरण गरिनेछ।

६. सामुदायिक विउ बैंकको स्थापना गरी कृषि बालीको रैथाने जातको विउ संरक्षण गरिने साथै जातिय गुणको अबलम्बन गरिनेछ ।

७. रैथाने बाली प्रर्वद्धन कार्यक्रम संचालन गरी घैया, कोदो, फापर, जुनेलो, कागुनो जस्ता बालिको व्यवसायिक खेतीको थालनि गरिनेछ ।

८. बढ्दै गएको बाझो जमिनको सही सदुपयोगका लागि कृषकहरुलाई नगदे बालीहरु अलैची, कफी,उखु खेती तर्फ आकर्षण गरिनेछ ।

९. कृषकहरुलाई उन्नत तथा हाईब्रिड जातको खाध्यान्न ,दलहन ,तेलहन, तरकारी, फलफूल बालीका विउ तथा बिरुवा अनुदानमा वितरण गरी कृषि उत्पादनमा बृद्धि गरी सम्पूर्ण रावा बेसी गाउँपालिकाबाट भोकमरी तथा कुपोषणको अन्त्य गरिने छ।

१०. कृषकहरुलाई कृषि उत्पादित बस्तुको उचित बजारिकरणको लागि ५० प्रतिशत ढुवानी अनुदान व्यवस्थापन गरिनेछ ।

११. कृषि विकास क्षेत्रमा कृषि वन तथा वाताबरण संरक्षण निति अबलम्बन गरिनेछ ।

१२. रावा बेसी गाउँपालिका भित्र सञ्चालित कृषि सहकारी, कृषक समूह, कृषि फर्महरुलाई अनिवार्य रुपमा दर्ता नविकरण गरी राजश्वको दायरामा ल्याईनेछ ।

१३. पहाडी क्षेत्र काष्ठफल तथा फलफुल विकास आयोजना मार्फत आ ब २०८३।०८४ मा १०० हेक्टरमा हिँउदे तथा बर्खे फलफूल खेतीको क्षेत्र विस्तार गरिनेछ ।

१४. प्रत्येक वडाहरुमा माटो परिक्षण शिविर संचालन गरी प्रत्येक कृषकहरुलाई निःशुल्क माटो परिक्षण गरी कृषकहरुलाई माटोको भौतिक गुण, रसायनिक गुण तथा जैविक गुणको बारेमा जनचेतना प्रदान गरिनेछ ।

१५. जलावायु मैत्री कृषि प्रविधिको अबलम्बन गरी कृषि बालीमा देखिएको जलवायु परिवर्तनको असर कम गरिने छ ।

१६. विभिन्न संघ संस्थाहरु संग साझेदारीमा कृषि उत्पादन, प्रशोधन, क्षेत्र विस्तार कार्यक्रममा साझेदारी गरि कार्यक्रम संचालन गरिने छ ।

१७. रासायनिक मल तथा विषादीलाई प्रतिस्थापन गर्न प्राङगारिक/जैविक मल तथा विषादीहरुलाई प्रोत्साहन गरिनेछ ।

१८. व्यावसायिक आधुनिक मौरीपालन सम्बन्धी आधारभुत तालिम संचालन गरी अनुदानमा आधुनिक मौरीघार वितरण गरिनेछ ।

१९. उत्पादनमा आधारित कृषकहरुलाई नगद प्रोत्साहन अनुदान वितरण गरिनेछ ।

**पशुपन्छी**

१. पशुपालनलाई आयमुलक, आधुनिक र मर्यादित पेशा तथा उत्पादनशिल व्यवसायको रुपमा विकास गर्न र पशुजन्य रोगहरुको लागी आवश्यक औषधी बर्षैभरी पशु सेवा शाखा बाट र वडा पशु सेवा उपशाखा बाट वितरण गरिनेछ।

२. पशुपंक्षीहरुमा देखा पर्ने विभिन्न प्रकारका आन्तरिक तथा बाह्य समस्याहरुको अवस्था अनुसार कृषकको घरगोठमै पुगी निःशुल्क उपचार गरिनेछ ।

३. महामारीको रुपमा फैलिएको लम्पी स्किन रोग विरुद्ध आवश्यक खोपको व्यवस्था गरिनेछ साथै अन्य रोगहरु जस्तैः रेबिज, खोरेत, पि.पि.आर,स्वाईन फिवर लगाएतका सङ्क्रामक रोगहरुको नियन्त्रणका लागी आवश्यक व्यवस्था मिलाईने छ ।

४. उन्नत जातका बिउ राँगाहरुमा लगानी गरि पशुपालन व्यवसायमा नश्ल सुधार गरिनेछ ।

५. पशुपालन व्यवसायलाई निर्वाहमुखी बाट व्यवसायीकरण गर्न कृषकहरुलाई आवश्यक पर्ने विषयगत तालिमहरु संचालन गरिनेछ।

६. पशु आहारा व्यवस्थापन गर्न विभिन्न किसिमका हिँउदे तथा बर्षे घाँसको बिउ तथा बेर्ना सहुलियत अनुदानमा वितरण गरिनेछ।

७. कुखुरापालन, बङ्गुरपालन, बाख्रापालन र भैंसीपालन व्यवसायलाई आधुनिकिकरण गर्न आवश्यक व्यवस्था मिलाईनेछ साथै कृषकहरुलाई आधुनिक यन्त्र उपकरण किशानको जिवकोपार्जनका लागि लागत साझेदारी मार्फत कार्यक्रम सञ्चालन गरिनेछ ।पशुसेवा उपचारको लागि निःशुल्क प्राविधिक सहयोग गरिनुका साथै उत्पादनमा वृद्धि गरी बजार व्यवस्थापनमा विशेष जोड दिएर कृषकलाई आर्थिक उन्नतिमा लाग्न प्रोत्साहन गरिनेछ ।

**राष्ट्रिय रोजगार**

१) राष्ट्रिय रोजगार प्रवर्द्धन कार्यक्रमलाई गाउँपालिकाको सहित लागत सझेदारितामा साविक रोजगार सेवा केन्द्रमा सूचीकृत बेरोजगारहरुलाई प्राथमिकताका आधारमा रोजगारी प्रदान गरिनेछ ।

२) यस गाउँपालिका भित्रका बेरोजगार व्यक्तिहरुलाई रोजगार व्यवस्थापन सूचना प्रणालीमा तोकिए बमोजिम सूचीकृत गरिनेछ ।

३) वैदेशिक रोजगार सम्बन्धी विविध समस्याहरुको समाधानका लागि वैदेशिक रोजगार बोर्ड मार्फत उपलब्ध हुने कल्याणकारी कार्यहरुको निवेदन गाउँपालिकाको रोजगार, सिप तथा उद्यमशीलता केन्द्र मार्फत गरिनेछ ।

४) वैदेशिक रोजगारीबाट फर्कीएका व्यक्तिहरुले वैदेशिक रोजगारीका शिलशिलामा आर्जेको ज्ञान सिप तथा अनुभवलाई प्रयोग गरी विविध निकायको आर्थिक सहयोगमा पुन : एकीकरणा कार्यक्रम सञ्चालन गरिनेछ ।

५) वैदेशिक रोजगारीका लागि पुन श्रम स्विकृति लिन मन्त्रालय पुग्नु पर्ने बाध्यताको पुर्ण रुपले अन्त्य गरिनेछ ।

६) रोजगारीको हकको प्रभावकारी कार्यान्वयन, स्थानीय तहमा उपलब्ध हुने रोजगारीको अवसरको पहिचान, समस्याको निदान र रोजगारीको क्षेत्रमा नविनतम उपाय र विधिको पहिचान गर्न "रोजगार सम्वाद मञ्च" तथा "श्रमको सम्मान राष्ट्रको अभियान सम्बन्धी कार्यक्रम"लाई निरन्तरता दिइनेछ ।

७) शुरक्षित आप्रवासन कार्यक्रम मार्फत वैदेशिक रोजगारीलाई सुरक्षित मर्यादित बनाउन समुदाय स्तरमा सूचना प्रावाह कार्यक्रम सञ्चालन गरिनेछ ।

८) वैदेशिक रोजगारी बाट फर्कीएका व्यक्तिहरुको समुह सञ्जाल बनाई उनिहरुको सिप, अनुभव र पुँजीको परिचालन गर्नको लागि विविध सिप मुलक तालिमको व्यवस्था गरिनेछ ।

८) पालिकामा स्थापित रोजगार सेवा केन्द्र मार्फत बेरोजगारहरुको तथ्याङ्क संकलन गरी प्राथमिकताको आधारमा रोजगारी प्रदान गरिनेछ ।

**उद्यम विकास**

१) लघुउद्यमको माध्यमबाट स्थानीय कच्चा पदार्थहरुको संकलन सदुपयोग गरी प्रशोधन तथा बजारीकरण गरिने छ ।

२. स्थानीय कच्चा पदार्थको उपयोगः स्थानीय स्तरमा उपलब्ध स्रोत, साधन र कच्चा पदार्थमा आधारित लघु, घरेलु तथा साना उद्योगहरूको प्रवर्द्धन गर्ने नीति ल्याईनेछ ।

३.सार्वजनिक-निजी-सहकारी साझेदारीः उद्यमशीलता विकासका लागि सरकारी निकाय, निजी क्षेत्र र सहकारीहरूबीच समन्वय गरिनेछ।

४. महिला तथा लक्षित वर्गको सशक्तीकरणः गरिब, विपन्न, महिला, दलित, आदिवासी जनजाति र युवाहरूलाई प्राथमिकता दिई उद्यमशीलतामा आबद्ध गर्ने नीति ल्याईनेछ ।

समाजिक विकास सम्बन्धी नीतिः

शिक्षा

१. संघीय सिकाइ अनुदानका मावि तथा निमावि तहमा कार्यरत शिक्षक दरबन्दीलाई यथावत राखी त्यस बापत लाग्ने अपुग तलब भत्ता पालिकाबाट थप गरी यस आर्थिक वर्षलाई निरन्तरता दिईने छ।
२. शिक्षामा पहुंच, टिकाउ र गुणस्तरलाई सुनिश्चित गर्दै आवासीय विद्यालय नीति अवलम्बन गरिनेछ ।
३. शिक्षकहरुलाई सूचना प्रविधिमा थप दक्ष र सक्षम बनाउन आवश्यक तालिमको व्यवस्था गरिने छ । साथै विद्यालयमा भएका कम्प्युटर बिग्रने तथा नचल्ने समस्याको समाधान गर्न कम्प्युटर र प्रिन्टर मर्मत कार्य गरिनेछ।
४. पालिकाभित्रका सम्पूर्ण सामुदायिक विद्यालयहरु बिच प्रतिस्पर्धा हुने गरी विभिन्न अतिरिक्त प्रतियोगी कार्यक्रम सञ्चालनका लागि आबस्यक बजेटको व्यबस्था गरिएको छ ।
५. विद्यालयहरूको प्रभावकारी सञ्चालनका लागि विद्यार्थी संख्या, भौगोलिक अवस्थितिका आधारमा विद्यालयहरूको समायोजन, पुनर्संरचना तथा स्तरोन्नति गरिनेछ । यस प्रक्रियाबाट उपलब्ध स्रोत साधनको अधिकतम उपयोग सुनिश्चित गर्दै गुणस्तरीय शिक्षणलाई प्रभावकारी बनाइनेछ ।

६. शिक्षकहरूको पेशागत दक्षता अभिवृद्धिका लागि विषयगत तालिम, शिक्षण विधि सुधार, पाठ्यक्रम कार्यान्वयन तथा मूल्याङ्कन प्रणाली सम्बन्धि नियमित तालिम तथा कार्यशाला सञ्चालन गरिनेछ। शिक्षकहरूलाई सिर्जनात्मक, अनुसन्धानमूलक तथा विद्यार्थी केन्द्रित शिक्षण पद्धति अपनाउन प्रोत्साहन गरिनेछ।

७. विद्यालयमा कार्यरत शिक्षक तथा कर्मचारीहरूको तलब, भत्ता तथा अन्य सेवा सुविधा समयमै व्यवस्थित रूपमा बैंकिङ प्रणालीमार्फत भुक्तानी गरिनेछ । वित्तीय अनुशासन कायम गर्दै बजेटको प्रभावकारी कार्यान्वयन सुनिश्चित गरिनेछ ।

८. विद्यालयहरूमा सुरक्षित, स्वच्छ, बालमैत्री तथा अपाङ्गमैत्री वातावरण निर्माण गरिनेछ । आवश्यक कक्षाकोठा, फर्निचर, शौचालय, खानेपानी तथा अन्य आधारभूत संरचनाहरूको विकास तथा स्तरोन्नति गरिनेछ।

९. सूचना तथा सञ्चार प्रविधिको प्रयोगलाई विस्तार गर्दै स्मार्ट बोर्ड, डिजिटल सामग्री तथा इन्टरनेट सुविधा सहितको कक्षाकोठा निर्माण गरिनेछ । यसबाट शिक्षण सिकाइ प्रक्रिया प्रभावकारी तथा आधुनिक बनाइनेछ।

१०. विद्यार्थीहरूको सर्वाङ्गीण विकासका लागि विभिन्न शैक्षिक तथा सहशैक्षिक कार्यक्रमहरु सञ्चालन गरिनेछन् । उत्कृष्ट शैक्षिक उपलब्धी हाँसिल गर्ने विद्यार्थीहरूलाई सम्मान तथा पुरस्कार प्रदान गरिनेछ। विपन्न तथा पिछडिएका वर्गका विद्यार्थीहरूलाई प्राविधिक छात्रवृत्ति उपलब्ध गराइनेछ ।

११. स्थानीय भाषा, कला, संस्कृति तथा परम्परामा आधारित स्थानीय पाठ्यक्रम विकास गरी कार्यान्वयन गरिनेछ। बहुभाषिक शिक्षण प्रणालीलाई प्रोत्साहन दिँदै स्थानीय पहिचानलाई सुदृढ गरिनेछ । स्थानीय भाषा, कला, संस्कृति तथा परम्पराको संरक्षण र संवर्द्धनमा जोड दिईनेछ ।

१२. विद्यालयहरूको नियमित अनुगमन तथा सुपरिवेक्षण प्रणालीलाई सुदृढ बनाइनेछ । प्रधानाध्यापक तथा शिक्षकहरूसँग कार्यसम्पादन करार गरी शैक्षिक उपलब्धिलाई उत्तरदायी बनाइनेछ ।

१३. सिकाइ निरन्तरता सुनिश्चित गर्न विशेष कार्यक्रमहरू सञ्चालन गरिनेछन् । कमजोर विद्यार्थीहरूको लागि अतिरिक्त कक्षा तथा सहयोगात्मक कार्यक्रम सञ्चालन गरिनेछ ।

१४. विद्यालय व्यवस्थापन समिति शिक्षक अभिभावकसंघलाई थप जिम्मेवार तथा उत्तरदायी बनाईने छ साथै अभिभाबक शिक्षामा जोड दिईने छ ।

१५. विद्यालयहरुमा छात्राहरुको लागि स्यानिटरी प्याडको प्रयोगलाई व्यवस्थित गरिनेछ । साथै प्रभावकारी वितरणको अनुगमन गरिनेछ ।

१६. सामुदायिक विद्यालयका लेखा कर्मचारी, विद्यालय सहयोगी, बालविकास सहजकर्ता सामुदायिक सिकाई केन्द्र परिचालिका थप प्र अ संचार खर्च लगायत विद्यालयहरुलाई उपलब्ध गराईदै आएको अनुदानलाई निरन्तरता दिईनेछ ।

१७. जगेडा शिक्षक कोषलाई निरन्तरता दिईनेछ ।

१८. दिवा खाजा कार्यक्रमलाई व्यवस्थित गरिनेछ ।साथै यसको प्रभावकारी अनुगमन गरिनेछ ।

१९. सामुदायिक विद्यालयहरुमा शैक्षिक गुणस्तर सुधार भौतिक पूर्वधार तथा बिद्यालय व्यवस्थापनको लागि विभिन्न सरकारी, गैरसरकारी तथा निजि क्षेत्रसंग समन्वय सहकार्य र साझेदारी गरिनेछ ।

२०. एस.इ. इ. कोचिङ कक्षा सञ्चालन र साविकका उ.मा.वि. हरुलाई दिईदै आएको अनुदान रकमलाई निरन्तरता दिईनेछ ।

युवा तथा खेलकुद

२१. खेलकुद क्षेत्रको विकासका लागि गाउँपालिकास्तरीय खेलकुद विकास समितिलाई क्रियाशिल बनाई खेलकुद क्षेत्रलाई प्रभावकारी रुपमा अगाडी बढाईनेछ । साथै खेलकुद क्षेत्रको समग्र विकासका लागि खेलकुद प्रशिक्षकको व्यवस्था गरिनेछ ।

२२. युवामा अनुशासन सस्कृतीको विकास शारिरिक तन्दुरुस्ती तथा मानसिक विकास एवम खेलकुद मार्फत गाउँपालिकाको पहिचान र प्रतिष्ठाको लागि खेलकुद क्षेत्रको विकासका लागि विभिन्न कार्यहरु गरिनेछ । विद्यालयस्तरीय राष्ट्रपति रनिङसिल्ड प्रतियोगिता आयोजना गरि विद्यार्थीहरुको प्रतिभा पहिचान गरिनेछ ।

२३. गाउँपालिका तथा वडास्तरमा खेलकुद प्रतियोगिताहरु आयोजना गरी प्रतिभाशाली खेलाडीहरुलाई थप अवसरहरु प्रदान गरिनेछ ।

२४. गाउँपालिकास्तरीय अध्यक्षकप तथा अन्तर पालिकास्तरीय विभिन्न खेलकुद कार्यक्रम गरिनेछ ।

२५. गाउँपालिकास्तरीय खेलकुद मैदान तथा कबर्ड हल निर्माण गरिनेछ । प्रत्येक वडाहरुमा निमार्ण भएका खेल मैदानहरुको स्तरोन्नती गरिनेछ ।

**स्वास्थ्य तर्फः**

१. सबै नागरिकलाई गुणस्तरीय, पहुँचयोग्य, समतामूलक तथा उत्तरदायी आधारभूत स्वास्थ्य सेवा उपलब्ध गराइनेछ ।

२. म स्वास्थ्य मेरो समुदाय स्वास्थ्य कार्यक्रमको थालनि गरी समुदायस्तरमा स्वास्थ्यकर्मी परिचालन गरिनेछ ।

३. **नसर्ने रोग उच्च रक्तचाप) मधुमेह, क्यान्सर, मिर्गौला रोग आदिको समयमै पहिचान (, परीक्षण तथा व्यवस्थापनलाई प्राथमिकता दिइने**छ।

४. डिजिटल स्वास्थ्य सूचना प्रणाली तथा तथ्याङ्कको गुणस्तर सुधारलाई प्राथमिकता दिइनेछ ।

५. ज्येष्ठ नागरिक, अपाङ्गता भएका व्यक्ति तथा विपन्न समुदायका लागि विशेष स्वास्थ्य सेवा सञ्चालन गरिनेछ ।

६. स्वास्थ्य संस्थाहरूको पूर्वाधार, उपकरण, औषधि तथा जनशक्ति व्यवस्थापनलाई सुदृढ गरिनेछ ।

७. राष्ट्रिय खोप तालिका अनुसार सवै बालबालिकाले खोप पाउने अधिकारलाई सुनिश्चित गरी पूर्णखोप सुनिश्चित गाउँपालिका  कायम राखिनेछ ।

८. महिलाहरुको आङ खस्ने, पाठेघरको मुखको क्यान्सर, स्तन क्यान्सर, फिस्टुलाको समस्यालाई स्वास्थ्य चौकीबाट नियमित स्क्रिनिङको व्यवस्था मिलाईने छ । साथै समस्या देखिएकालाई निरन्तर उपचार सेवा उपलब्ध गराईने छ ।

९. मानसिक स्वास्थ्य प्रवर्द्धन तथा आत्महत्या रोकथामका लागि समुदायमा आधारित कार्यक्रम सञ्चालन गरिनेछ।

१०. जेष्ठ नागरिक दिर्घरोगि एवम पुर्ण अशक्त अपाङगता भएका व्यक्तीहरुलाई स्वास्थ्य वीमामा आवद्ध गराईनेछ ।

११. गाउँपालिका मातहतका गर्भवती तथा सुत्केरी महिलाहरुको स्वास्थ्य परिक्षण निःशुल्क गर्नुका साथै स्वास्थ्य संस्थाबाट प्रेषण गर्नु पर्ने सुत्केरीलाई निःशुल्क एम्बुलेन्स सेवालाई निरन्तरता दिईनेछ ।

१२. महामारी रोकथाम नियन्त्रण आपतकालिन स्वास्थ्य व्यवस्थापनका लागी पूर्व तयारी र प्रतिकार्य योजना तयार गरी कार्यान्वयन गरिनेछ ।

१३. अस्पताल जन्य संक्रमण रोकथामका लागी अस्पतालबाट सिर्जित फोहोरमैलालाई प्रभावकारी रुपमा व्यवस्थापन गरिनेछ ।

१४. दृष्टि सम्बन्धी समस्या भएकाहरुका लागि निशुल्क स्वास्थ्य सेवा उपलब्ध गराईनेछ ।

१५. मातृ तथा नवजात शिशु स्वास्थ्य, बाल स्वास्थ्य, किशोरकिशोरी स्वास्थ्य, पोषण तथा परिवार नियोजन सेवालाई थप प्रभावकारी बनाइनेछ।

१६. महिला सामुदायिक स्वास्थ्य स्वयम सेविकाले पुर्याउनु भएको स्वास्थ्य सेवाको उच्च मुल्याङकन गर्दै अघिल्ला बर्षहरुमा दिदै आएको प्रोत्साहन रकममा ५० प्रतिशत थप गरिएको छ ।

१७. रावा बेसी गाउँपालिका अन्तर्गत रहेका स्वास्थ्य संस्थाहरुमा रिक्त रहेका पदहरुमा पदपुर्ती गरी कर्मचारी व्यवस्थापन तथा सेवा प्रवाहलाई थप प्रभावकारी बनाईनेछ ।

१८. मृगौला प्रत्यारोपण डाईलाईसिस मेरुदण्ड पक्षघात र क्यान्सर रोग लागेका दीर्घ रोगीहरुलाई उपलब्ध गराईदै आएको औषधी उपचार वापतको खर्चलाई निरन्तरता दिईनेछ ।

१९. विद्यालय केन्द्रित खोप केन्द्रबाट कक्षा ६ मा अध्ययनरत छात्राहरुको लागि पाठेघरको मुखको क्यान्सर विरुद्धको खोप सेवालाई निरन्तरता दिईनेछ ।

२०. स्वास्थ्य संस्थाहरुबाट प्रदान गरिरहेका आधारभुत स्वास्थ्य सेवा सम्बन्धी रिपोर्टिङ सेवालाई हरेक स्वास्थ्य संस्थाबाट नै प्रविष्ट गरिनुका साथै औषधी तथा औषधीजन्य सामाग्रीको मागफारम हस्तान्तरण दाखिला र खर्च लगाएतका सम्पुर्ण विवरण अनलाईन प्रणालीबाट गरिने छ ।

२१. मनोसामाजिक परामर्श कार्यक्रमलाई निरन्तरता दिईनेछ ।

## पुर्वाधार विकास नीतिः

१. विद्यालय तथा अन्य भौतिक संरचना बालमैत्री तथा अपाङ्गमैत्री निर्माण गरिनेछ।
२. छ वटै वडा समेट्ने गरि रिङ रोडको अवधारणा अनुरुप गुरुयोजना तयार गरिनेछ ।
३. प्रत्येक वडाहरुमा उपभोक्ता समितिलाई योजना सम्बन्धी अभिमुखिकरण कार्यक्रम सञ्चालन लाई निरन्तरता दिईनेछ ।
४. गाउँपालिका क्षेत्रभित्र सबै खालका पुर्वाधारको निर्माणमा मौलिक ज्ञान, प्रविधि र सामग्रीको प्रयोगको लागि प्रेरित गरिनेछ ।
५. गाउँपालिकाबाट सञ्चालित सबै योजना सञ्चालन गर्दा शुन्य पेश्कीमा सञ्चालन गर्ने हालको व्यवस्थालाई निरन्तररुपमा अवलम्बन गर्दै लगिनेछ ।
६. तीन लाखभन्दा माथि लागत भएका आयोजनाहरुको संचालन गर्दा आयोजना स्थलमा आयोजना सम्बन्धी विवरण (होर्डिङ बोर्ड) अनिवार्य राख्नु पर्ने हालको व्यवस्थालाई निरन्तरता दिइनेछ ।
७. भवन निर्माण आचार सिंहता अनुसार गाउँपालिका क्षेत्रमा नयाँ घरहरु निर्माण गर्दा अनिवार्य रुपमा नक्सा पास गर्नु पर्ने नीति अवलम्बन गरिनेछ ।
८. सहज रुपमा हिँडडुल गर्न गोरेटो बाटोहरुको निर्माण गरी पैदलयात्री केन्द्रित गाउँको रुपमा गाउँपालिकाको विकास गरिनेछ ।
९. प्रत्येक वडाको प्रशासनिक भवन एउटै मोडलमा निर्माण गर्न डि. पि. आर. भएको उक्त डि पि आर अनुसार वडा नं २, ४ र ६ मा निर्माण भइरहेको भवनलाई सम्पन्न गरिने छ साथै वडा नं १, ३ र ५ को वडा तला थप सम्पन्न गरिनेछ ।
१०. निर्माणाधिन स्वास्थ्य चौकी भवन कुभिण्डे र स्वास्थ्य चौकी भवन हौंचुरलाई सम्पन्न गर्न पहल गरिनेछ साथै स्वास्थ्य चौकी भवन डुम्रेधारापानीको लागी बजेट माग गरिनेछ ।
११. प्रत्येक योजनाहरुको योजना किताब तयार गरी योजना सञ्चालन गरिनेछ ।

१२. स्थानीय स्तरमै दक्ष जनशक्ति उत्पादनका लागि सि.टि.ई.भि.टी. सँग समन्वय गरि प्राबिधिक जनशक्ती उत्पादन गर्न गा.पा. भित्रका ५ जनालाई आर्थिक सहयोग उपलब्ध गराईने र प्रत्येक वडाको कम्तिमा ५ जनालाई सिकर्मि, डकर्मिको तालिम उपलब्ध गराउन पहल गरिनेछ ।

१३. हरेक वडामा एउटा योजना खानेपानी, सडक, सिचाई, भवन, झोलुङ्गे पुल, मठमन्दिरतथा पार्कलाई नमूना योजनाको रुपमा अगाडी बढाईनेछ ।

१४. आ व २०८३/०८४ का अपुर/ अधुरो सम्पुर्ण योजनाहरु सम्पन्न गरिनेछ ।

१५. साबिक वडाहरु बाट आफ्नो वडा कार्यालय सम्म जाने साथै वडा कार्यालय बाट गाउँपालिका केन्द्र सम्म आउँने सडकलाई १२ (बाह्र) महिना सञ्चालनमा ल्याईनेछ ।

१६. सडकहरुको बर्गिकरण गरि स्तरोन्नति गरिनेछ ।

१७. सडकको क्षमता अनुसार सवारीसाधन व्यवस्थापन गरिनेछ ।

१८. गाउँपालिकाको केन्द्र बाट अन्य गाउँपालिका जिल्ला जोड्ने सडकलाई प्रदेश वा संघमा स्तरोन्ती तथा पक्किको लागि पहल गरिनेछ ।

१९. ६ वटै वडाहरुलाई समेट्ने गरि रिङरोडको अवधारणा राखि गुरुयोजना तयार गरिनेछ ।

२०. विद्यालयभवन सरकारी भवन सामुदायिक भवन तथा भौतिक संरचनाहरु बालमैत्रि तथा अपाङ्गमैत्रि हुने गरि पुर्ण रुपमा सुधार तथा निर्माण गरिनेछ ।

२१. सडक तथा भवन निर्माण मापदन्डलाई अनिवार्य रुपमा भवन नियमन तथा नक्सा शाखा स्थापना गरि यस गाउँपालिका भित्र निर्माण हुने र निर्माण भई सकेका सबै भवनहरुलाई गाउँपालिकाको नीति नियम भित्र ल्याइनेछ ।

२२. कुभिण्डे हौंचुर जोड्ने सडक खण्डमा पर्ने मोटरेवल पुल निर्माण सम्पन्न गर्न पहल गरिनेछ ।

२३. कुभिण्डे खार्पा जोड्ने सडक खण्डमा पर्ने मोटरेवल पुलको लागि पहल गरिनेछ ।

२४. आवश्यकताको आधारमा झोलुङ्गेपुल, ट्रस पुल निर्माणा गरिनेछ साथै निर्माणका लागि पहल गरिनेछ ।

२५. खानेपानीको मुहान सरसफाई गरी त्यस्ता स्रोतहरुलाई संरक्षण र सम्वर्धन गरि दिगो विकासको लक्ष अन्तर्गत रावा बेसी गाउँपालिकामा स्वच्छ पानी एक घर एक धारा बनाउन निरन्तरता दिईनेछ ।

२६. रिचार्ज पोखरी निर्माण तथा संरक्षण गरिनेछ ।

२७. सुख्खा क्षेत्र खानेपानीको पहुँच पुर्याउनको लागि अन्य विकल्पहरुको खोजि गर्न आवश्यक बजेट व्यवस्था गरिनेछ ।

२८. गाउँपालिकाको मुख्य-मुख्य स्थानमा सडक बत्तिलाई व्यवस्थित गरिदै लगिनेछ र क्रमागत रुपमा वडा स्तरमा विस्तार गरिनेछ ।

२९. सबै खेतियोग्य जमिन तथा नगदेवालीहरुलाई आवश्यकताको आधारमा सिंचाईको व्यवस्था गरिनेछ ।

३०. जलस्रोतको अधिकतम उपयोग गर्दै नयाँ तथा पुराना सिंचाई योजनाहरु सञ्चालनमा ल्याईनेछ

३१. सुरक्षित नागरिक आवास कार्यक्रम अन्तर्गत फुसको छाना विस्तापित गर्न प्राथमिकताका आधारमा सञ्चालन गरिनेछ ।

## वातावरण तथा विपद व्यवस्थापन नीतिः

१. गाउँपालिकाका सबै नाङ्गो क्षेत्रहरुमा वृक्षारोपण गरी यस पालिकालाई सुन्दर, हरियाली तथा हराभरा गाउँपालिकाको रुपमा पहिचान दिई पर्या-पर्यटनको विकासमा जोड दिईनेछ।

२. ढुंगा, गिट्टी, बालुवा संकलन गर्दा वातारणमा प्रतिकूल प्रभाव पर्न नदिन प्रारम्भिक वातावरणीय परिक्षण (IEE) सम्पन्न गरिएका खोलाहरुबाट मात्र नदीजन्य पदार्थ उत्खनन् गरिनेछ ।

३. गाउँपालिका क्षेत्रमा विकास निर्माणका लागि आवश्यक IEE /EIA कार्यान्वयनका लागि वातावरण संरक्षण नियमावली बमोजिम आवश्यक कानून तथा कार्यविधि निर्माण गरी कार्यान्वयनमा जोड दिईनेछ।

४. विपद् जोखिम पूर्वानुमान, पूर्वतयारी, प्रतिकार्य र पुनर्लाभ सम्बन्धी क्षमता विकासका लागी सचेतनाका कार्यक्रम सञ्चालन गरिनेछ।

५. गाउँपालिका र वडा स्तरीय प्रकोप व्यवस्थापन समितिलाई सक्रिय राखी विपद् उद्दार तथा राहत सामाग्रीको पर्याप्त मौज्दातको व्यवस्था गरिनेछ । साथै विपद्व्यवस्थापन कोषलाई थप मजबुत बनाईनेछ।

६. जलवायु परिवर्तन अनुकूलन क्षमता अभिवृद्दि, प्रतिकूल प्रभावको न्यूनीकरणका लागि साझेदारीमा कार्यक्रम सञ्चालन गरिनेछ ।

**सुशासन र संस्थागत विकास नीतिः**

१. गाउँपालिको कार्यालयको जिन्सी, लेखा, योजना, दर्ता चलानी आदिका कार्यहरुलाई सूचना प्रबिधिमैत्री सफ्टवेर मार्फत प्रभावकारी बनाउदै लगिनेछ ।

२. योजना सम्झौता प्रणालीलाई पहुँच वृद्धि गरी घरघरमा नागरिक सेवालाई मुर्त रुप दिन वडास्तरमै गइ सम्झौता शिविर सञ्चालन गरिने साथै समुहको बैंक खाता समेत बडामै खोल्न सहजिकरण गरी उपभोक्ता समुह अभिमुखिकरण कार्यक्रम सञ्चालन गर्ने नीति अवलम्बन गरिनेछ ।

३. न्यायीक समितिबाट भएका निर्णय र सम्पादित कामहरुलाई व्यवस्थित बनाउन विद्युतीय प्रणालीमा अभिलेखिकरण गर्ने व्यवस्था मिलाईनेछ ।

४. मेलमिलापकर्ताहरुलाई प्रोत्साहन गर्न आवश्यक बजेट विनियोजन गरिनेछ।

५. गाउँ कार्यपालिकाको कार्यालय, वडा कार्यालय तथा विषयगत शाखा वा इकाइको सेवा प्रवाहलाई जनप्रतिनीधि तथा कर्मचारी सबैले मुस्कान सहितको सेवा प्रवाह गर्नु पर्ने नीतिलाई अनिवार्य गरिनेछ ।

६. सार्वजनीक खरिद कार्यलाई अझ थप पारदर्शी, प्रतिस्पर्धी र मितव्ययी बनाई सुशासन कायम गर्न खरिद इकाईको गठन गरी सोही इकाई मार्फत सम्पूर्ण खरिद कार्य गरिनेछ ।

७. यस गाउँपिलका र मातहतमा रहेका सार्वजनिक सम्पत्तीको सुरक्षा र संरक्षण गरिनेछ ।

८.रावा बेसी गाउँपालिका तथा अन्तर्गतका कार्यालयहरुको संगठनात्मक स्वरुपलाई पुनरावलोकन गरिनेछ ।

९.बिषयगत शाखाको कार्ययोजना तयारगरी हरेक चौमासिक प्रगती समिक्षा कार्यक्रम सञ्चालन गरी सेवालाई प्रभाकारी बनाईने छ ।

१०. महिला, बालबालिका, जेष्ठ नागरिक, अपांगता भएका व्यक्ति लगायत सम्पूर्णलाई सुरक्षाको प्रत्याभूति दिलाउने नीति अवलम्बन गरिनेछ ।

११.कोशी प्रदेश सरकार सामाजिक विकास मन्त्रालय , रावा बेसी गाउँपालिकाको लागत साझेदारीमा संचालीत अपाङ्गता रोकथाम तथा पुनःस्थापना कार्यक्रमलाई निरन्तरता दिईनेछ ।

१२.यस गाउँपालिका भित्र सञ्चालनहुने कुनै पनि आयोजना सञ्चालनका लागि सार्वजनिक तथा निजी जग्गा यकिन गर्न सम्बन्धित निकाय आयोजना सँग समन्वय गरी लाभग्राहीलाई सहजीकरण गरिनेछ ।

पञ्जीकरण तर्फ :

१. रावा बेसी गाउँपालिका स्थायी ठेगाना भई हाल काठमाडौं तथा पूर्वी तराईका जिल्लाहरुमा बसोवास गर्दै आईरहेका सामाजिक सुरक्षा भत्ता प्राप्त गरिरहेका लाभग्राहीहरुको सहजताका लागी काठमाडौं र इटहरी मा सामाजिक सुरक्षा भत्ता नवीकरण शिबिर सञ्चालन गरिनेछ ।

२. विगतमा दिईदै आएको विधुर भत्ता र ५० वर्ष माथिका अविहाहित महिला निर्वाह भत्तालाई निरन्तरता दिईनेछ ।

३. सामाजिक सुरक्षा भत्ता प्राप्त गर्ने पूर्ण अपाङ्गता भएका व्यक्ती तथा अशक्त असाहयहरुको सहजताको लागि टोल बस्तिमा नवीकरण शिविर सञ्चालन गरिनेछ ।
४. विविध कारणले फिङ्गर स्क्यानन मार्फत सामाजिक सुरक्षा भत्ता नवीकरण हुन नसकेका लाभग्राहीहरुको आईरिस डिभाईस खरिद गरी सबै वडाहरुबाट सामाजिक सुरक्षा भत्ता नवीकरण गर्ने व्यवस्था मिलाईने छ ।

<u>राजश्व तर्फ :</u>

१. राजश्व प्रणालीलाई पूर्ण रुपमा अनलाईन गर्दै छुट भएका राजश्वको स्रोत पहिचान गरी राजश्वको दायरा बढाउन बृहत कर शिक्षा अभियान सञ्चालन गरिनेछ ।

महिलाबाल बालिका तथा जेष्ठ नागरीक तर्फ

१महिला, बालबालिका, ज्येष्ठ नागरिक, अपाङ्गता भएका व्यक्ति लगायत सबै लक्षित समूहको आर्थिक सामाजिक र राजनीतिक सशक्तिकरणलाई उच्च प्राथमिकता दिइ कार्यक्रम अगाडि वढाइनेछ।

२. सबै प्रकारका लैङ्गिक हिंसामा शून्य सहनशीलता अपनाउँदै समतामुलक समाज निर्माण गरिनेछ।
३. सामाजिक तथा सांस्कृतिक विभेद र हानिकारक अभ्यास अन्त्य गर्न सामाजिक रूपान्तरण अभियान सञ्चालन गरिनेछ।
४. हिंसा पीडितकेन्द्रित सेवा प्रणाली सुदृढ गरी उद्धार-, कानुनी सहायता, पुनस्थार्पना र सामाजिक पुनः एकीकरणका कार्यक्रम प्रभावकारी रूपमा सचालन गरिनेछ ।
५. अपाङ्गता भएका व्यक्तिलाई केन्द्रित अपाङ्गता रोकथाम तथा पुनःस्थापना कार्यक्रमलाई जोड दिइ उद्यमशीलता र रोजगारमूलक सीप प्रदान गरी आत्मनिर्भर बनाइनेछ।
६. सार्वजनिक संरचनालाई पूर्ण रूपमा अपाङ्गतामैत्री बनाइनेछ ।
७. सवै लक्षित वर्ग महिला ,आदिवासी जनजाति, दलित,जेष्ठ नागरिक केन्द्रित कार्यक्रिहरु सञ्चालन गरिनेछ ।

८. दलित समुदायको परम्परागत सीप संरक्षण, आय आर्जन, प्रविधि स्तरोन्नतिका लागि एकीकृत रूपमा दलित केन्द्रित लगानी बढाउनेछौं।

९. यस गाउँपालिकास्तरमा हुने विवादहरुमा सवै नागरिकहरुलाई न्यायिक समितिमा पहुँचयोग्य वनाइ मेलमिलापको माध्यमवाट विवादहरुको निरुपण गर्न मेलमिलापकर्ताहरुलाई दक्ष तालिम प्राप्त वनाउने नीति अवलम्वन गरिनेछ ।

अन्त्यमा,

हामीले सबै सरोकारवाला पक्षहरुसँग समन्वय, सहकार्य गर्दै आम रावा बेसी नागरिकको मुहारमा निरन्तर खुसी प्रदान गर्न सकौं। यस गाउँपालिकाको विकास, सम्वृद्धि, उन्नति र प्रगतिका लागि आजसम्म प्रत्यक्ष वा अप्रत्यक्ष रुपमा समन्वय, सह-अस्थित्व र सहकार्य गर्नुहुने सम्पूर्ण जनप्रतिनीधिहरु, राजनीतिक दल, संघ संस्थाहरु प्रतिष्ठित व्यक्तित्वहरु र कर्मचारीहरु प्रति म हार्दिक कृतज्ञता सहित आभार व्यक्त गर्दछु। यस्तै गरी हाम्रो माग बमोजिमको योजना तथा बजेट विनियोजन गर्नु हुने संघ तथा प्रदेश सरकारलाई विशेष आभार प्रकट गर्दछु । यस नीति तथा कार्यक्रम निर्माणका लागी आफ्ना अमूल्य सुझाव प्रदान गरी सहयोग गर्नुहुने सम्पूर्ण राजनीतिक दल, पेशाकर्मी, बुद्दिजीवि, कृषक तथा श्रमजीवि महानुभावहरुमा विशेष धन्यवाद ज्ञापन गर्दै यो नीति कार्यक्रम कार्‍यान्वयनमा पूर्ण सहयोगको अपेक्षा गर्दछु ।

धन्यवाद ।

फटिक कुमार श्रेष्ठ
अध्यक्ष
रावा बेसी गाउँपालिका